नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

visit nepal 2020 Lifetime Experiences

# प्रेस विज्ञप्ती

## SEBON ICT Operation Manual, 2020 लागू गरिएको सम्बन्धमा ।

धितोपत्र बजार तथा वस्तु विनियम बजार(बजार) को विकास तथा विस्तारलाई व्यवस्थित एवं सुशासित बनाउन र बजार सम्बन्धी गतिविधिहरुमा सूचना प्रविधिको बढ्दो प्रयोगलाई सुरक्षित एवं भरपर्दो बनाई समग्र बजारलाई पारदर्शी एवं विश्वसनीय बनाउन र बजारमा उपयोग हुने सूचना प्रविधिलाई अन्तर्राष्ट्रिय सिद्धान्त तथा अभ्यास अनुकूल बनाउन बजार सम्बन्धी एकीकृत नीतिगत कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपाय अवलम्बन गर्नका लागि नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ बोर्डबाट २०७६।०४।०१ देखि लागू गरिएको थियो ।

बोर्डको आर्थिक बर्ष २०७७।७८ को वार्षिक नीति तथा कार्यक्रममा बोर्डको सूचना प्रविधि नीति लागू गर्न आवश्यक निर्देशिका तर्जुमा गरी लागू गर्ने तथा सूचना प्रविधि नीतिमा उल्लेखित कार्यहरु सम्बन्धित पक्षहरुबाट कार्यान्वयन योजना बनाई लागु गर्ने व्यवस्था गरिए बमोजिम सूचना प्रविधि क्षेत्रका विज्ञहरुसँग समेत समन्वय गरी SEBON ICT Operation Manual, 2020 तयार गरिएकोमा उक्त म्यानुयल मिति २०७७।०९।०७ को निर्णयानुसार मिति २०७७।०९।०८ देखि लागू गरिएको छ । SEBON ICT Operation Manual, 2020 मा सूचना प्रविधि सम्बन्धी संगठनात्मक व्यवस्था; तथ्यांक केन्द्र संचालन तथा व्यवस्थापन; सूचना प्रबिधि संजाल पूर्वाधारको व्यवस्था; सूचना प्रबिधि सम्बन्धी अनुसन्धान तथा विकास; बोर्डमा प्रयोगमा ल्याउने सूचना प्रविधि उपकरणहरुको खरिद तथा विकास गर्दा आवश्यक प्राविधिक मूल्यांकन तथा हस्तान्तरन पूर्वको निरीक्षण तथा परीक्षण; हार्डवेयर, पावर तथा इन्जिनको स्तरीय एवम् प्रभावकारी व्यवस्था; सूचना, संचार तथा प्रविधिको दैनिक प्रयोगको व्यवस्थापन र सूचना, संचार तथा प्रबिधि सम्बन्धी तालिम तथा सचेतना अभिवृद्धि लगायतका व्यवस्थाहरु समावेश गरिएको छ ।

यस म्यानुयल लागू गरिएसँगै बोर्डबाट धितोपत्र बजार सहभागीहरुले बोर्डमा बुझाउनुपर्ने वार्षिक तथा त्रैमासिक विवरण लगायतका अन्य आवधिक विवरणहरु अनलाईन मार्फत पेश गर्न सक्ने गरी बोर्डबाट मिति २०७७।०६।२३ देखि सञ्चालनमा ल्याइएको Electronic Reporting and Retrieval System-ERRS को प्रयोग प्रभावकारी बनाउन सहयोग पुग्नेछ ।

SEBON ICT Operation Manual, 2020 कार्यान्वयनमा आए पश्चात बोर्डको आन्तरिक सूचना तथा प्रविधि व्यवस्थापन कार्य प्रभावकारी हुने, सूचना प्रविधिको स्तर अभिवृद्धि हुने र सूचना प्रविधिको स्तरीय प्रयोग एवं प्रभावकारी व्यवस्थापनबाट बोर्डको संस्थागत क्षमता अभिवृद्धि भई बजार नियमन तथा सुपरिवेक्षणमा कार्य प्रभावकारी हुने अपेक्षा बोर्डको रहेको छ ।

मिति २०७७।०९।०८

(निरज गिरी)
प्रवक्ता

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np